बैठक संख्या २

आज मिति २०८२/०४/३० गते शुक्रवारका दिन बिहान ११:०० बजे यस आ.व. २०८२/०८३ अन्तर्गत रामपुर नगर कार्यपालिकाको दोस्रो बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण बहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल बहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | श्री सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

रामपुर नगरपालिकाको आ.व. २०८२/०८३ को दोस्रो कार्यपालिकाको
बैठकका

प्रस्तावहरु

१. गत आ.व.को वार्षिक प्रगति समिक्षा ।
२. आ.व. २०८२/०८३ को योजना कार्यान्वयन सम्बन्धमा ।
३. विविध ।

निर्णयहरु

१. निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा रामपुर नगरपालिकाबाट आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिका अन्तर्गतका सम्पादन गरिएका कार्यहरुको भौतिक वित्तीय प्रगति समिक्षा गरियो ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को लागि यस नगरपालिका अन्तर्गत विनियोजित योजनाहरुको कार्यान्वयन सम्बन्धमा वडामा उपभोक्ता समिति गठन भाद्र मसान्त सम्म, उपभोक्ता समिति तालिम असोज मसान्तसम्म, योजना सम्झौता कार्तीक मसान्तसम्म गर्ने गरी निर्णय गरियो ।

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० बमोजिम रामपुर नगरपालिका अन्तर्गत पार्किङ्ग हुने सवारी साधनहरुलाई पार्किङ्ग गर्ने व्यवस्था मिलाउदै नगरको आन्तरिक आय संकलन तथा पार्किङ्ग शुल्क उठाउने कार्य ठेक्काद्धारा गर्ने सम्बन्धमापार्किङ शुल्क उठाउनका लागि सिलवन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना न्युनतम ठेक्का रकम (मु.अ.कर बाहेक) रु ५,००,०००/-(रु पाँच लाख) मा ठेक्का खोल्ने निर्णय गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगरपालिका अन्तर्गत बढदो जनसंख्याका कारण यस पालिकामा शान्ती सुरक्षा, बजार अनुगमन, नदीजन्य सामग्रीको संकलन र व्यवस्थापनमा निगरानी लगायत विभिन्न कामका लागि नगर प्रहरीको थप आवश्यकता रहेको हुँदा २ जना पुरुष नगर प्रहरी जवान र १ जना महिला नगर प्रहरी जवानका लागि दरखास्त आह्वान गर्ने निर्णय गरियो । साथै दरखास्त आह्वान देखि न्युक्ति सम्मका सम्पूर्ण

प्रक्रिया रामपुर नगरपालिकाको नगर प्रहरी सेवा गठन सञ्चालन ऐन, २०८० बमोजिम गर्ने निर्णय गरियो ।

५. निर्णय नं. ५, प्रस्ताव नं. ३ माथि छलफल गर्दा महिला तथा बालिका विरुद्ध हुने हिंसा सम्बोधनको लागि सिफारिस प्रणाली निर्देशिका तयार गर्ने निर्णय गरियो । साथै सोको लागि सम्बन्धित निकायसँग सहकार्य गर्ने निर्णय गरियो ।

६. निर्णय नं. ६, प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८२/०८३ अन्तर्गत यस नगरपालिकामा पेश हुने अटो संचालन अनुमतिका लागि निवेदनका आधारमा ५ वटा अटोलाई संचालनका लागि अनुमति दिने निर्णय गरियो साथै अनुमती विना संचालन गरिएका अटोहरुलाई कानून बमोजिम कारवाही गर्ने निर्णय गरियो ।

७. निर्णय नं. ७, प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगरपालिका भित्रका युवा क्लब, आमा समूह, महिला समूह लगायतका अन्य विभिन्न सामाजिक संघ, संस्थाहरु नगर कार्यपालिकाको कार्यालयमा दर्ता गरी संचालन गर्नका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो साथै दर्ता नगरी स्वीकृती विना कुनै कार्यक्रम संचालन गरिएको पाइएमा कानून बमोजिम कारवाही गर्ने निर्णय गरियो ।

८. निर्णय नं. ८, प्रस्ताव नं. ३ माथि छलफल गर्दा त्रिभुवन क्याम्पस पाल्पाबाट सेमेष्टर परीक्षा प्रणाली अनुसार चार वर्षे स्नातक तह कम्प्युटर विज्ञान तथा सूचना प्रविधि (B.Sc.CSIT) विषय अध्यापन हुन गइरहेकोमा यस नगरपालिकाबाट मापदण्ड बनाइ छनौटका आधारमा उक्त क्याम्पसमा अध्यापन गराउने निर्णय गरियो साथै उक्त विधार्थीसँग निजको अध्ययन सकिए पश्चात यस नगरपालिकामा निश्चित वर्षका लागि अनिवार्य सेवा गर्ने सर्तमा सम्झौता गर्ने निर्णय गरियो ।

९. निर्णय नं. ९, प्रस्ताव नं. ३ माथि छलफल गर्दा पाल्पाली समाज अमेरिकाबाट संयुक्त राज्य अमेरिकामा अध्ययन भ्रमणका लागि निमन्त्राणा प्राप्त भएकोमा यस नगरपालिकाबाट १ जना प्रतिनिधि भ्रमणमा जाने निर्णय गरियो ।

१० निर्णय नं. १०, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिकामा सञ्चालनमा रहेको श्री जागरण कृषि सहकारी संस्था लि.,रामपुर नगरपालिका -१० पाल्पाको मिति २०८१/११/२५ गतेको विशेष साधारण सभाको निर्णय, सहकारी संस्था खारेजीका लागी मिति २०८२/२/२५ गतेको निवेदन र मिति २०८२/२/२५ सम्मको लेखा परीक्षण प्रतिवेदनका  संस्थाको सवै दायित्व भुत्तान गरी बाँकी रहेको (जगेडा कोष,घाटापुर्ति कोष,डुवान्त ऋण कोष) रु.६२२८०.९८।- सहकारी ऐन २०७४ को दफा ६३ उपदफा (१) (क) बमोजिम बाँकी रहेको कोषको रकम सोही प्रकृतिको सहकारी श्री कालिगण्डकी आधारशिला कृर्षि सहकारी संस्था लि. रामपुर-१० लाइ दिने र  श्री जागरण कृषि सहकारी संस्था लि,रामपुर नगरपालिका -१० पाल्पा लाई रामपुर नगरपालिका सहकारी सहकारी ऐन २०७५ को दफा ६६ बमोजिम दर्ता खारेज गर्ने निर्णय गरियो ।

११ निर्णय नं. ११, प्रस्ताव नं. ३ माथि छलफल गर्दा श्री जव्गादी बचत तथा ऋण सहकारी संस्था लि,रामपुर नगरपालिका -८ पाल्पा कार्यपालिकाको मिति २०८१/१२/१३ गतेको निर्णयले संस्था खारेजी गर्ने निर्णय भएको, लेखा परीक्षण प्रतिवेदनका  संस्थाको सवै दायित्व भुत्तान गरी बाँकी रहेको (जग्गा ०-५-०-० ) सहकारी ऐन २०७४ को दफा ६३ उपदफा (१) (क) बमोजिम बाँकी रहेको जग्गा सोही प्रकृतिको सहकारी श्री नव ज्योति बचत तथा ऋण सहकारी संस्था लि. रामपुर-८ लाइ दिने साथै श्री जव्गादी बचत तथा ऋण सहकारी संस्था लि,रामपुर नगरपालिका -८ लाई रामपुर नगरपालिका सहकारी सहकारी ऐन २०७५ को दफा ६६ बमोजिम दर्ता खारेज गर्ने निर्णय गरियो ।

१२. निर्णय नं. १२, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची-५ को द्रष्टव्य ५ मा

माथि जे सुकै उल्लेख गरिएको भएतापनि उपकरणको हकमा निर्माण व्यवसायीको ईजाजतपत्र लिन चाहाने व्यवसायीले (क) र (च) मध्येबाट एक वटा तथा बाँकी मध्येबाट एक वटा गरी बढीमा दुई वटा उपकरण दुई वर्षसम्मलाई भाडामा लिएको प्रमाण पेश गर्न सक्नेछ । तर अन्य सबै उपकरण आफ्नो कम्पनी वा फर्मको नाममा नै हुनुपर्ने छ भन्ने व्यवस्था रहेकोमा तपसिल बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपसिलः

माथि जे सुकै उल्लेख गरिएको भएतापनि उपकरणको हकमा निर्माण व्यवसायीको ईजाजतपत्र लिन चाहाने व्यवसायीले (क) र (च) मध्येबाट एक वटा तथा बाँकी मध्येबाट एक वटा गरी बढीमा दुई वटा उपकरण दुई वर्षसम्मलाई भाडामा लिएको प्रमाण पेश गर्न सक्नेछ । तर अन्य सबै उपकरण कम्पनीमा आवद्ध सबै संचालक वा कम्पनी/फर्मको नाममा नै हुनुपर्ने छ ।

१३. निर्णय नं. १३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा आउदै गरेको महान पर्व बिजयादशमी तथा तिहार पर्वमा यस कार्यालयको सुरक्षार्थ कार्यालयमा कार्यरत नगर प्रहरीलाई खटाउनुपर्ने भएकोले सो अवधिमा सुरक्षामा खटिने नगर प्रहरीहरुलाई कार्यदिनको रु ५००/- भत्ता उपलब्ध गराउने गरी निर्णय गरियो ।

१४. निर्णय नं. १४, प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस रामपुर नगरपालिका वडा नं. ५ रामघाटमा सञ्चालन हुन लागेको जेष्ठ नागरिक स्कुलको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि रामपुर नगरपालिकाको जेष्ठ नागरिक स्कुल सञ्चालन कार्यविधि २०८२ छलफल गरी पास गर्ने निर्णय गरियो ।